राजधानी
बिहीबार, २३ भदौ, २०६२

# देउराली फर्मास्युटिकल्सद्वारा सुस्वास्थ्य डिभिजन स्थापना




**राजधानी समाचारदाता**
काठमाडौं, २२ भदौ

देउराली जनता फर्मास्युटिकल्स प्रालिले सुस्वास्थ्य डिभिजन स्थापना गरी मुटुरोग, नशारोगको औषधिसमेत उपलब्ध गराउने भएको छ । दीर्घकालीन रोगको उपचारका लागि आवश्यक औषधि उत्पादन गरी सो डिभिजनबाट भदौ महिनादेखि बिक्री वितरण सुरु गरिएको छ । बुधवार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा कम्पनीका कार्यकारी निर्देशक हरिभक्त शर्माले दिनुभएको जानकारीअनुसार विदेशबाट आयातित नराम्रा औषधिहरूको सट्टा स्वदेशमा नै अन्तर्राष्ट्रिय प्रविधिको प्रयोग गरी स्तरीय औषधिहरू सो डिभिजनबाट सरल मूल्यमा उपलब्ध गराइनेछ ।

सो डिभिजनको स्थापनाबाट नेपालीका लागि अत्यावश्यक औषधिको परनिर्भरता हटाउन सहयोग पुग्ने आशा कम्पनीले लिएको छ । डिभिजनको स्थापनाबाट औद्योगिक विकासमा सहयोग पुग्ने विश्वास पनि कम्पनीले लिएको छ ।

कार्यकारी निर्देशक शर्माले मुलुकमा कम गुणस्तरका औषधिहरू भित्रिरहेको गुनासो पनि गर्नुभएको छ । करिब दुई सय ५० विदेशी कम्पनीलाई मुलुकमा औषधि ल्याउने अनुमति दिइएका कारण कमसल औषधिहरू बजारमा छ्यापछ्याप्ती भएको दाबी गर्दै उहाँले भन्नुभयो– 'अनुगमनका लागि स्थापित औषधि व्यवस्था विभागले अनुगमन गरेर कमजोरी पत्ता लगाउन सक्ने अवस्था छैन । सहरमा केन्द्रित सो विभागले अधिराज्यमा रहेका १५ हजार औषधि पसल, पाँच हजार होलसेल पसल र औषधिका १२ हजार ब्राण्डको अनुगमन गर्न नसक्ने पनि कार्यकारी निर्देशक शर्माले बताउनुभयो । आफ्नो उद्योगका उत्पादनहरू विदेशी निर्यात गरी निर्यातमूलक बस्तुमा औषधि पनि पार्ने संकल्प उहाँले गर्नुभयो । अहिले मुलुकका लागि आवश्यक औषधिमध्ये ७० प्रतिशत अन्य मुलुकबाट आयात हुने गरेको छ भने त्यसमा भारतबाट ९५ प्रतिशत आयात हुन्छ । भारतका दुई सय ५० वटा कम्पनीले नेपालमा औषधिको बिक्री वितरण गरिरहेका कारण स्वदेशमा रहेका करिब ४० औषधि उद्योगको बजार ३० प्रतिशत मात्रै छ ।